# राष्ट्रिय मानव अधिकार आयोग

## National Human Rights Commission

केन्द्रिय कार्यालय, Central Office

हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


प.सं.
च. नं.

**प्रेस विज्ञप्ति**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० कात्तिक ६ गते

## आयोगले पचहत्तरै जिल्लामा निर्वाचनको अनुगमन गर्ने

## मानव अधिकारको सम्मान र संरक्षण गर्न ध्यानाकर्षण

राष्ट्रिय मानव अधिकार आयोगले आसन्न संविधानसभाको निर्वाचनको सन्दर्भमा निर्वाचन अघि, निर्वाचनको समय र निर्वाचनपछिको मानव अधिकार अवस्थाबारे अनुगमन गर्न देशको पचहत्तरै जिल्लामा आयोगका मानव अधिकार अधिकृतहरू सहितको कम्तिमा ४४ वटा टोली यसै हप्तादेखि खटाउने भएको छ ।

यसअघि आयोगले उम्मेदवारको मनोनयनको समयमा ३१ जिल्लामा अनुगमन गरेको थियो ।

टोलीले मतदाता शिक्षा तथा नागरिक सचेतनाको अवस्था; राजनीतिक लाभ-हानीका लागि बालबालिकाको प्रयोग; राजनीतिक दलद्वारा निर्वाचनको क्रममा हुनसक्ने मानव अधिकार हनन; अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, अल्पसंख्यकलगायत सबै नागरिकले भयरहित वातावरणमा मतदान गर्न पाउने वातावरणको सुनिश्चितता; 'संविधानसभा सदस्य निर्वाचन आचार संहिता, २०७०' मा उल्लिखित मानव अधिकारसम्बन्धी विषय, समग्र सुरक्षा स्थितिलगायतका विषयमा अनुगमन गर्नेछ ।

शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुर्‍याउन संविधानसभाको निर्वाचन प्रक्रियालाई निष्पक्ष, सुरक्षित र भहरहित किसिमले अघि बढाउन भइरहेको हालको प्रयास सकारात्मक देखिन्छ ।

मानव अधिकारको सम्मान, पालना र संरक्षणमा सबै सुरक्षा निकायको भूमिका महत्वपूर्ण रहन्छ । विगतको सशस्त्र द्वन्द्वको क्रममा द्वन्द्वरत पक्षबाहेक सर्वसाधारण नागरिकको यातना, बलात्कार, हत्या, बलपूर्वक बेपत्तालगायत मानव अधिकार हननका घटनाहरू आयोगमा अभिलेखबद्ध रहेको सन्दर्भमा आसन्न संविधानसभा निर्वाचनको सुरक्षाको क्रममा त्यस किसिमका घटनाहरूको पुनरावृत्ति हुन नदिनेतर्फ सजग रहन आयोग 'राष्ट्रिय मानव अधिकार आयोग ऐन, २०६८' को दफा ५ बमोजिम निर्वाचन कार्यमा संलग्न सम्पूर्ण सुरक्षाकर्मी र राष्ट्रसेवक कर्मचारीहरूको ध्यानाकर्षण गराउँदछ ।

साथै, कुनै पनि राजनीतिक विषयलाई समर्थन गर्ने वा नगर्ने राजनीतिक दल वा व्यक्तिको अधिकार भएपनि त्यसलाई हिंसात्मक एवम ध्वंसात्मक नबनाउन तथा सर्वसाधारणको मानव अधिकारको सम्मान गर्न राजनीतिक दल तथा सरोकारवालाहरूसँग आयोग आग्रह गर्दछ ।

.............
वेदप्रसाद भट्टराई
कामु सचिव


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org